सुनिलस्मृति गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**(शिक्षा, युवा तथा खेलकुद शाखा)**

लिबाङ्चौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## विषय विशेषज्ञ अद्यावधिक सम्बन्धी सूचना

(सूचना प्रकाशन मितिः २०८१।०१।०६ गते)

(ने.सं. ११४४ बछलाथ्व, ११ आइतवार)

प्रस्तुत विषयमा मिति २०८१/०१/२७ गतेको गाउँ शिक्षा समितिको निर्णयानुसार यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त करारमा शिक्षक तथा कर्मचारी नियुक्त गर्ने प्रयोजनका लागि बिषय बिशेषज्ञहरुको सूची अद्यावधिक गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका गाउँपालिका अन्तर्गतका विद्यालयका शिक्षकहरूले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा निवेदन पेस गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक योग्यताः**

१. आधारभूत तह (१- ५) को लागिः कम्तिमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित तह वा माथिल्लो तहमा कम्तिमा ५ वर्ष स्थायी सेवा गरेको।
२. आधारभूत तह (६-८) को लागिः सम्बन्धित बिषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित तह वा माथिल्लो तहमा कम्तिमा ५ वर्ष स्थायी सेवा गरेको।
३. माध्यमिक तह (९-१०) को लागिः सम्बन्धित बिषयमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण र सम्बन्धित विषयमा अस्थायी र स्थायी गरी कम्तिमा ५ वर्ष सेवा गरेको।
४. माध्यमिक तह (११-१२) को लागिः सम्बन्धित बिषयमा स्नातकोत्तर तह उत्तीर्ण र सम्बन्धित तहको सम्बन्धित विषयमा न्यूनतम ३ वर्ष सेवा गरेको।

**आवश्यक कागजात :**

१. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
२. नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि,
३. शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,
४. अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि,
५. शिक्षक सेवा आयोगको पाठ्यक्रममा आधारित नमुना प्रश्न पत्र र उत्तरकुञ्जिका ३/३ प्रति।
६. आधारभूत तह साविक (प्रा.वि.), (नि.मा.वि.) र मा.वि. तहको लागि क्रमशः ५००, ७०० र १००० रुपैयाँ राजश्व बुझाएको रसिद।

..........................

(यादव के.सी.)

शिक्षा अधिकृत

शिक्षा अधिकृत (ठिठो)

*"जनआकांक्षा पूरा गर्ने हाम्रो संकल्पः दिगो विकास र सुशासन मात्र विकल्प"*

ईमेलः info@sunilsmritimun.gov.np, ito@sunilsmritimun.gov.npवेबसाइटःsunilsmritimun.gov.np फोन नः ०८६४०११५२,७०